परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष १ •अंक ३११ •२०७९ साल पौष २४ आइतबार •(8 January-2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## जमिन बन्धक राखेर चर्को मिटरब्याज असुल्ने मिटरब्याजी साह पक्राउ



टक नेपाल, सप्तरी।

सप्तरीको डाक्नेश्वरी नगरपालिकाका एक व्यवसायी जग्गा बन्धकी राखेर चर्को मिटर व्याज असुली गर्ने गरेको आरोपमा पक्राउ परेका छन् । सर्वसाधारणको जग्गा र सुन चाँदी राखेर चर्को मिटर व्याजमा ऋण दिने र कतिपयको सावाँ व्याज लिइसके पनि धितो फिर्ता नगरेको आरोपमा डाक्नेश्वरी नगरपालिका १ कविलासाका ५५ वर्षीय चन्द्रकान्त साह पक्राउ परेका छन्। पक्राउ परेका साहलाई सप्तरी जिल्ला अदालतबाट शुक्रवार ठगी तथा अपराधिक विश्वासघात मुद्दामा म्याद थपेर अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डिएसपी नरेश कुमार सिंहले जानकारी दिएका छन् । पछिल्लो पटक सोही नगरपालिका १ का स्व. मो. युसुफका छोरा मो. अफताब आलमको जाहेरीको आधारमा व्यवसायी साहलाई पक्राउ गरिएको उनले जानकारी दिए। उनलाई इलाका प्रहरी कार्यालय कल्याणपुरमा राखी थप अनुसन्धान थालिएको छ । सोही मुद्दाका अर्का आरोपि जगर नाथ साहको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ । मिटर व्याज पीडित आफताब आलमका अनुसार अत्यावश्यक काम परेर उनका बुवा युसुफले आफ्नो ५ कठ्ठा १४ धुर जग्गा धितो राखेर २०७३ साल फागुन १ गते चन्द्रकान्त सँग १० लाख रुपैयाँ ऋण लिएका थिए । ऋण दिँदा साहले दोब्बर रकमको कागज मात्र गराएनन, आफताबले भने - '५ कठ्ठा १४ धुर जग्गा मालपोत कार्यालय राजविराजमा लिखत पास नै गराए ।' बुवाले लिएको ऋण चर्को ब्याजसहित सावाँ समेत बुझाइसक्दा पनि साहले ऋण लिँदा बखत गरिएको कागज र धितो वापत राखिएको जग्गा फिर्ता गर्न नमानेपछि न्यायका लागि प्रहरी शरणमा पुगेको आफताबले बताए । आफूहरुले विश्वास गरेर ऋण लिदा साहले भने जस्तै कागज गरिदिए, उनले भने - 'अहिले फसेर घर न घाटका भएका छौ ।' यसअघि मिटर ब्याजीहरुकै कारण सप्तरीको छिन्नमस्ता गाउँपालिकाका २५ वर्षीय संजीव मिश्रले आत्महत्या नै गरेका थिए । जिल्लाकै अर्को मिटरब्याजी खडक नगरपालिकाका साहुकार रामदेव साहको मिटर ब्याजमा फसेर घरवार विहीन भएकाहरु अहिले पनि दिनहूँ जसो सडक प्रदर्शन गर्दै आएका छन् । सप्तरीमा मिटर ब्याजमा फसेकाहरुको सूची लामो बन्दै गएको छ । सक्नेले सामाजिक स्तरमै कुरा मिलाउछन भने नसक्नेहरुले यसरी नै सडकमा आएर न्याय खोज्ने गरेको पाइएको छ । समस्यामा परेकाहरुबाट जग्गादेखि सुन चाँदी धितो राख्ने तथा ऋण दिएको भन्दा दोब्बर तेब्बर रकमको कागजसमेत बनाइ चर्को ब्याज असुली गरेर उठीवास नै गराउने कसूरमा हाल ३ जना मिटरब्याजी पक्राउ परेका छन् । जसमध्ये २ जना पुर्पक्षका लागि राजविराज कारागारमा छन,भने एक जना अनुसन्धानका लागि प्रहरी नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

आदरणिय पाठकवर्ग तपाईहरु संग भएको लेख, रचना, विचार, सुचना, समाचार आदि छन भने हामिलाई उपलब्ध गराउन जानकारी सहित अनुरोध गर्दछौ ।

**टक नेपाल परिवार**

ईमेल : talknepalnationaldaily@gmail.com

सम्पर्क : ९८४१४२०४४६, ९८०७८२१०१४

## हरिवन ७ मा पुन: मतगणना गर्न अदालतको आदेश



टक नेपाल, काठमाडौं ।

सर्लाहीको हरिवन नगरपालिका वडा नम्बर ७ मा पुनः मतगणना गर्न उच्च अदालत जनकपुरले आदेश दिएको छ। गत वैशाखमा सम्पन्न स्थानीय तह निर्वाचनको मतगणनालाई रद्द गरी माघ २० गतेभित्र पुनः मतगणना गर्न अदालतले आदेश दिएको उच्च अदालत जनकपुरका रजिष्ट्रार खड्गराज अधिकारीले जानकारी दिए। शुक्रबार न्यायाधीशद्वय भोजराज अधिकारी र रेखा थापा पाण्डेको संयुक्त इजलासले सो आदेश दिएको हो । निर्वाचन अधिकृतको कार्यालय हरिवनले गरेको गणना अनुसार यहाँबाट वडाध्यक्षमा नेकपा एमालेका निरध्वज कार्की एक मतले निर्वाचित भएका थिए । निर्वाचन आयोगका अनुसार कार्कीले ३७९ मत ल्याएका थिए भने निकटतम प्रतिद्वन्द्वी नेपाली काँग्रेसका टीकाजंग थापा (अशोक) ले ३७८ मत पाएका छन्। थापाले मतगणनामा धाँधली गरिएको भन्दै तत्कालै पुनः मतगणनाको अन्तरिम आदेश जारीको माग गर्दै रिट दायर गरेका थिए । रजिष्ट्रार अधिकारीका अनुसार मतपत्र अदालतमै झिकाएर पुनः गणना गरिनेछ ।




Bardibas Service Centre

Bardibas Bazaar, Bardibas, Mahottari



# अहिलेको सरकार खिचडी सरकार हो : राजेन्द्र पाण्डे

टक नेपाल, जनकपुरधाम । नेकपा एकीकृत समाजवादी पार्टीका वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डेले अहिलेको सरकार खिचडी सरकार रहेको बताएका छन् । उनले संघीयता रुचाउने र संघीयता नरुचाउने, राजा ल्याउने र राजा फ्याक्ने विचारधाराका दलहरु एक साथ रहेकाले अहिलेको सरकार खिच्चडी सरकार रहेको बताए । यस्तै, उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारलाई विश्वासको मत दिने अथवा नदिने विषयमा पुस २६ मा मात्र निर्णय गर्ने बताए । पाण्डेले अहिलेसम्म प्रचण्डले व्यक्तिगत रुपमा विश्वासको मत मागे पनि पार्टीगत रुपमा नमागेकाले यस सम्बन्धमा निर्णय गर्न पुस २६ गते नै बैठक बसेर निर्णय गर्ने बताए । शनिवार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा पाण्डेले पार्टीको मान्यता दिएर चिठ्ठी लेख्ने काम नभएको भन्दै भने, 'प्रचण्डले व्यक्तिगत रुपमा मलाई सहयोग गर्नुपर्यो भन्नु भएको छ, व्यक्तिगत रुपमा मागेकै आधारमा हामीले विश्वासको मत दिने सहज जस्तो लाग्दैन् ।' पाण्डेले प्रचण्डलाई विश्वासको मत दिने अथवा नदिने, दिए संविधानको हित, राष्ट्रको हित के हुन सक्छ, यसको थप विश्लेसनका लागि २६ पुसमा विहान बैठक बस्ने र त्यसपछि निर्णय गर्ने बताए । प्रचण्डलाई विश्वासको मत दिएर बाहिर बस्नसक्ने समेत उनले बताए । उनले वर्तमान सरकारले ल्याउने नीति तथा कार्यक्रमको आधारमा समेत विश्वासको मत दिने अथवा नदिने प्रभाव पार्ने बताए ।




# छोराछोरीका हत्या आरोपितलाई जन्मकैद



टक नेपा, सप्तरी । सिरहाको गोलबजार नपा-९ का १२ वर्षीय मो. तरिक शेख, ३ वर्षीय आसिलम शेख र २ बर्षीया आजमिन खातुनलाई हत्या गरेको आरोपमा उनीहरुका आमा ३८ वर्षीया रुक्साना खातुनलाई ०७९ पुस २१ गते जन्मकैद र थप ३ वर्ष कैद सजाय भएको छ । सप्तरी जिल्ला अदालतका न्यायाधीश माधवप्रसाद सुबेदीको इजलाशले आरोपितलाई जन्मकैद र ३ वर्ष थप कैद सजायको फैसला ठहर गरे पनि रुक्सनालाई ८ वर्ष कैद गर्ने गरी उच्च अदालत जनकपुर राजविराज इजलाशसमक्ष प्रस्ताव पठाएको जिल्ला अदालतका सूचना अधिकारी भरतमणि पोखरेलले जानकारी दिनुभयो । आरोपितले ०७६ असार २० गते हत्या गरेको भन्दै आरोपितकी सासु ७० वर्षीया जलेखा खातुनले असार २२ गते इलाका प्रहरी कार्यालय कञ्चनरुपमा उजुरी दिनु भएको थियो । सप्तरीको हनुमाननगर कंकालिनी नपा-१ भारदहस्थित सप्तकोशी नदीमा चार सन्तानलाई फालेर आत्महत्याको प्रयास गरेकी आरोपित र माइला छोरा ५ वर्षीय तहसिल भने बाँच्न सफल भएका थिए । कोशीमा बेपत्ता भएका आरोपितका दुई छोरा र एक छोरी हालसम्म फेला परेनन् । जिल्ला अदालतमा ०७६ साउन १४ गते अभियोगपत्र दायर भएकोमा साउन १५ गतेदेखि रुक्साना पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छिन् ।

# श्रीमानलाई छाडेर ५ बर्षमा ३५ पटक घरबाट भागिन श्रीमति, काँखमा छोरी लिएर भिख माग्दै श्रीमान




एजेन्सी । ५ बर्षको अन्तरालमा ३५ पटक श्रीमान र छोरालाई छाडेर एक महिला घरबाट भागे पछि श्रीमान पीडामा छन् । छिमेकी मुलुक भारतको बिहारको कैमुरस्थितको यो घटनाले जोकोहीलाई पनि सोच्न बाध्य बनाउँछ तर यो घटना यथार्थ हो । तपाई प्रायः सुन्नुभएको होला की एक आमा आफ्नो पति र सन्तानको लागि जोकोहिसँग पनि लडन तयार हुन्छिन तर एक महिलाले छोराछोरी र श्रीमानलाई छाडेर ५ बर्षमा ३५ पटक भागेको खवर छ । ५ बर्षमा ३५ पटक घरबाट भागेपनि परेशान श्रीमानको आफ्नो श्रीमतिप्रतिको माया प्रेम भने कम भएको छैनन् । आफ्नो श्रीमतिसँग परेशान पुरुषले छोराछोरीलाई काँखमा लिएर मदतको हारगुहार लगाउन थालेका छन् । जानकारी अनुसार, भारत विहार को कैमुर स्थित एक महिला आफ्नो श्रीमानलाई छाडेर घरबाट ५ बर्षमा करिब ३५ पटक भागिसकेकी हुन् । हरेक पटक श्रीमानले प्रहरीसँग मदत मागेर श्रीमतिलाई खोजेर ल्याउँदै गरेका छन् । तर, यसपाली जति खोजेपनि भेटाएनन् । यो घटनामा सबभन्दा पीडादायक यो छ की श्रीमानले ६ बर्षिय छोरीलाई काँखमा लिएर सहयोगको हारगुहार गरिरहेको छ । उनकी छोरी आफ्नी आमाबाट कैयौँ दिनदेखि टाढा छिन् । अहिले श्रीमानले दुई बच्चासहित श्रीमतिको पोष्टर टाँसेर जहाँजहाँ सहयोग माग्दै हिडेका छन् । उनले लेखेका छन्, हाम्रो देश स्वतन्त्र हो, तर पुरुष स्वतन्त्र होईन । भारतीय मिडियाका अनुसार, पीडित पुरुषको नाम कृष्णा मुरारी रहेको छ । उनी बिहारको कैमर जिल्लाको रामगढ थाना क्षेत्रको डहरक निवासी हुन् । उनको बिहे २०१७ साल नोभेम्बर १७ तारिखको भएको थियो । उनी पहिलो पटक आफ्नो छोरालाई ब्लेड हानेर पहिलो पटक २०१८ सालमा भागेकी थिईन् । ७ महिना अगाडी एक छोरी भएपछि उनीहरु बनारस गएका थिए । जब मुरारी घर फिर्ता भए उनी घर बन्द गरेर छोरीको घाँटी थिचेर मार्ने प्रयास गर्दै श्रीमानलाई नै फँसाउन धाकधम्की दिएकी थिईन् । एक पटक श्रीमान उपर नै काठ काटने हतियार प्रहार गरी श्रीमानलाई बेहोस बनाई भागिन् । उनको आँखामाथि ४ टाँका लगाईएको बताईएको छ । विभिन्न समयमा श्रीमानलाई झुठो मुद्दा लगाएर फँसाएकी श्रीमतिले प्रहरी र गाउँलेको पँचायतमा श्रीमानसँगै बस्ने बताएकी थिईन् । उनी कैयौँ पटक भागीसकेकी थिईन् । आफूसँग आमाबुवा, भाई, बहिनी कोही पनि नरहेको बताएका छन् । उनलाई बच्चा लालनपालनको लागि अधिक समस्या भएको बताएका छन् । उल्टै श्रीमान उपर प्राताडना, पीडाको मुद्दा दिएर आफैं भागेकी हुन् । कृष्णा मुरारी भिख मागेर मुद्दा लडिरहेका छन् भने आफ्नो दुई सन्तानलाई समेत पालिरहेका छन् । उनले पुरुष हिंसाको शिकार भएको बताएका छन् ।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। | तुला | सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। |
| बृष | आज शुभकार्यको चर्चा चल्नेछ। | वृश्चिक | आज पढाइमा बाधा आउनेछ। |
| मिथुन | आज धार्मिक तथा समाजसेवामा मन लाग्नेछ। | धनु | आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ। |
| कर्कट | आज शुभकार्यको चर्चा चल्नेछ। | मकर | लगनशीलताले कामहरू अगाडि बढ्नेछन्। |
| सिंह | आज मनोरञ्जनमा सहभागी भइएला। | कुम्भ | आज प्रेमीको सहयोग प्राप्त हुनेछ। |
| कन्या | आज अरूको भरले मात्र उद्देश्य पूरा नहुन सक्छ। | मीन | आज राम्रो नतिजा हातपार्न काम दोहोर्याउनुपर्छ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

## ....सम्पादकीय

# अर्थतन्त्रमा सुधार ल्याऊ

नेपालको अर्थतन्त्र बिग्रिएको धेरै समय भयो। बैंकमा समेत पैसा नहुँदा नागरिकहरुको दैनिकमा समेत असर गरेको छ ।सरकारी ढुकुटी रित्तिने संभावना पनि रहेको छ । राजश्व संकलनको दर अझै संतोषजनक छैन । राजश्व उठाउनका लागि सरकारी संयन्त्रहरु अहिले सफल भइरहेका छैनन् । बैंकमा पैसा नहुदा लगानीको बातावरण बनेको छैन। लगानी बातावरण नहुदा उधोग ब्यवसाय पनि समस्यामा परेको छ र लगानीको बातावरण पनि खस्किएको छ। यसले रोजगारीमा समेत असर गरेको छ। कोरोना माहारमारीका कारण धरासायी बनेको नेपालको अर्थतन्त्रमा सुधार ल्याउनका लागि अति आवश्यक देखिन्छ। यहीबीचमा नेपालमा फेरि कम्यूनिष्ट नेतृत्वको सरकार बनेको छ। देशमा सशस्त्र संघर्ष गरेर सत्तामा पुगेका ब्यक्ति, अहिले फेरि प्रधानमन्त्री बनेका छन् । उनीहरुबाट अन्य अपेक्षा सहित अर्थतन्त्रको सुधारको आशगरिएको छ।प्रचण्ड नेतृत्वको सरकारले बिग्रदो अर्थतन्त्रलाई लयमा ल्याउन सकेको खण्डमा यो सरकारको वाहवाही हुने छ । लगानीको बातावरण बनाउन नसकेको खण्डमा देश समृद्धिको बाटोमा जाने छैन अनि जति समृद्धिको कुरा गरेपनि त्यो भ्यागुताको धार्नै हुनेछ । वर्तमान सरकारले यतातर्फ पनि बेलैमा ध्यान दिन आवश्यक छ ।

टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"

# काठमाडौँलाई ७ विकेटले हराउँदै विराटनगर प्लेअफमा

टक नेपाल, काठमाडौँ ।

कप्तान रोहित पौडेल र गौरान्सु शर्माको अर्धसतकीय पारिमा काठमाडौँ नाइट्सलाई ७ विकेटले पराजित गर्दै विराटनगर सुपर किङ्स जारी नेपाल टी-२० लिगको प्लेअफ पुगेको छ । काठमाडौँले प्लेअफमा स्थान बनाउन अर्को खेलमा पोखरा एभेन्जर्स फारवेस्टर्न यूनाइटेडसँग पर ाजित हुनुपर्नेछ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा काठमाडौँले दिएको १ सय ५५ रनको लक्ष्य विराटनगरले १८।४ ओभरमा तीन विकेट गुमाएर पुरा गऱ्यो । विराटनगरका कप्तान रोहित पौडेलले सर्वाधिक ६६ रनको इनिङ खेले उनले ४२ बलमा ५ चौका र ३ छक्का प्रहार गरे । जारी प्रतियोगितामा यो रोहितको तेस्रो अर्धसतक हो। ओपनर अर्जुन साउद १० रनमा आउट हुँदा गौरान्सु शर्माले ५१ रनको अविजित इनिङ खेले । उनले ४९ बलमा चार चौका प्रहार गरे । हुसेन टलत २१ रनमा पभेलियन फर्कँदा विवेक यादव १० रनमा अविजित रहे । काठमाडौँका अविनाश बोहराले दुई विकेट लिए । उनले ३.४ ओभरमा ३५ रन खर्चिए ।



यसअघि, टस जितेर ब्याटिङ थालेको काठमाडौंले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १ सय ५४ रनको योगफल तयार पारेको थियो । काठमाडौँका लागि ओपनर सन्तोष कार्की र एलेक्स ब्लेकले समान ३४ रन योगदान गरे । सन्दीप रजाली ३० रनमा आउट हुँदा कप्तान ज्ञानेन्द्र मल्ल २२ रन र वसिर अहमद १७ रनमा अविजित रहे। विराटनगरका राज ननन्ले उत्कृष्ट बलिङ गरे । उनले ४ ओभरमा १ मेडन राख्दै १३ रन खर्चिएर सर्वाधिक ४ विकेट लिए । नन्दन यादव र कप्तान रोहित पौडेलले समान एक विकेट लिए । विराटनगर १० खेलमा ५ जित निकाल्दै १० अंकका साथ तेस्रो स्थानमा रहँदै प्लेअफ पुगेको हो । १० खेलमा ४ जित निकालेको काठमाडौंको ८ अंक रहेको छ। पोखराको ६ र फारवेस्टको ४ अंक रहेको छ। काठमाडौँ प्लेअफ पुग्न पोखरा आज हुने दोस्रो खेलमा फारवेस्टसँग पराजित हुनुपर्नेछ ।

# आजदेखि चरा गणना सुरु

टक नेपाल, भरतपुर ।

नेपालमा आजदेखि चरा गणना सुरु भएको छ। राष्ट्रिय निकुञ्ज विभागको नेतृत्वमा हिमालयन नेचरले सबै राष्ट्रिय निकुञ्ज, सिमसार क्षेत्र र जलाशयमा चरा गणना गर्न सुरु गरेको हो । गणनामा तीन सय ५० जना चरा विज्ञ र संरक्षणकर्मीको सहभागिता रहेको चरा गणनाका राष्ट्रिय संयोजक डा हेमसागर बरालले जानकारी दिए । उनका अनुसार तीन हप्ता चरा गणनाको काम हुनेछ। गणनाको क्षेत्र विस्तार हुँदै जाँदा पनि चराको सङ्ख्या बर्सेनि घट्दै जानु चिन्ताको विषय भएको उनले बताए । चराको गुणस्तर बासस्थानको अभाव, बासस्थान क्षेत्रमा भइरहेका विकास



निर्माण, खेती बालीमा बढ्दो विषादीको प्रयोग र मानवीय क्रियाकलापले चराको सङ्ख्या बर्सेनि घट्दै गएको उनको भनाइ छ । हरेक क्षेत्रमा जस्तै जलवायु परिवर्तको प्रभाव पनि चराको बासस्थानमा परेको डा बरालले बताए। चितवनमा भने भोलिदेखि चरा गणना सुरु हुने वर्ड एजुकेसन सोसाइटी सौराहाका पूर्वअध्यक्ष वासु बिडारीले जानकारी दिए । पूर्वी चितवनमा वर्ड एजुकेसन सोसाइटी सौराहाको नेतृत्वमा र पश्चिम चितवनमा वर्ड एजुकेसन सोसाइटी मेघौलीको नेतृत्वमा चरा गणना हुनेछ। पश्चिम सेक्टर अन्तर्गत लोथर पुलदेखि कसरा पुलसम्म चराको गणना हुनेछ। जसमा चराको मुख्य बासस्थान रहेको ढुङ्गी खोला, बूढीराप्ती खोला, लामी ताल, तमोर ताल, बरुण ताल, बिसहजारी ताल र राइनो तालमा चराको गणना गरिनेछ । यस्तै चितवन राष्ट्रिय निकुञ्जको नवलपुर क्षेत्रमा छुट्टै समूहमार्फत चरा गणना गरिनेछ । नेपालमा पछिल्लो तथ्याङ्कअनुसार आठ सय ९२ प्रजातिका चरा छन् । जसमा दुई सय चरा पानीमा आश्रित छन् । चितवनमा मात्रै छ सय ५२ प्रजातिका चरा छन् ।



# मनराशिसवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## मनरा, महोत्तरी (मधेश प्रदेश) नेपाल

## औषधि सामान खरिद सम्बन्धि शिलबन्दी दरभाउपत्र सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०७८/०९/२४**

यस मनरा शिसवा नगरपालिका भित्र पर्ने स्वस्थ चौकीहरुबाट आ.व. २०७९/८० मा आम नागरिकलाई विभिन्न ७० प्रकारका औषधिहरू नि:शुल्क वितरण गर्नका लागि आवश्यक पर्ने औषधि तथा स्वास्थ्य सामग्रीहरू शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको तपशिल मिति र समय भित्र यस सूचनामा उल्लेखित सेवा शर्तको अधिनमा रही इच्छुक ईजाजत प्राप्त WHO GMP Certified कम्पनीबाट उत्पादित औषधि तथा स्वास्थ्य सामग्री विक्रेता ब्यबसायी वा फर्महरुले यस पालिका बाट,पछि फिर्ता नहुने गरी तपशिल बमोजिमको रकम बुझाई तपशिल मिति र समय भित्र बिड डोकुमेंटमा तोकिएको सम्पूर्ण विवरण तयार गरि शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. फर्म तथा व्यवसाय दर्ता, आयकर दर्ता, मु.अ.कर दर्ता तथा कर चुक्ता प्रमाणपत्र सहितको नवीकरण भएको प्रतिलिपि पेश गर्नु पर्नेछ।
२. तपशिल बमोजिमको धरौटी रकम मनरा शिसवा नगरपालिकाको कार्यालयमनरा,को नाममा लक्ष्मी बैंक लिमिटेड मनारमा रहेको स्थानीय तह धरौटी खाता ग-३-०८४०३०००१९३ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ७५ दिनको म्याद भएको बिड बोन्ड संलग्न हुनु पर्नेछ।
३. शिलबन्दी दरभाउपत्र दाता ले दररेट उल्लेख गर्दा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ फरक परेमा अक्षरलाई मान्यता दिइने छ कुनै शर्त राखी पेश गरेको बोलपत्र मान्य हुने छैन।
४. शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति, समय र स्थानमा तपशिलमा उल्लेखित अनुसार नगरपालिकाको कार्यालय मनरामा पेश गर्नु पर्नेछ। सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनको सोहि समयमा उक्त कार्यहरू गर्न सकिन्छ।
५. सप्लायर्सको प्रतिनिधिको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। माथिको बुँदा नं. ४ अनुसार सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनको सोही समयमा शिलबन्दी बोलपत्र खोलिने छ।
६. यस सूचनामा उल्लेख भएका कुराहरू पेश नगरी बोलपत्रको रीत नपुर्याई वा ढिलो गरी प्राप्त भएको बोलपत्र माथि कुनै कावाहि गरिने छैन।
७. शिलबन्दी दरभाउपत्र स्वीकृत भएमा मात्र शिलबन्दी दरभाउपत्र दाताहरूको धरौटी रकम ठेक्का सम्झौता भएपछि मात्र फुकुवा गरिने छ ।
८. शिलबन्दी दरभाउपत्र दाता खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, यो खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र व्यवसायी सम्बन्धि कसुर सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणापत्र समेत बोलपत्र साथ पेश गर्नु पर्नेछ।
९. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।
१०. खरिद गरिने औषधि तथा सामानहरू WHO GMP Certified कम्पनीबाट उत्पादित हुनु पर्नेछ र सोको उपयोग )Expired Date ) यस कार्यालयमा प्राप्त भएको मितिले १८ महिनाको हुनु पर्नेछ। तर कुनै औषधिको E महिना कम हुने अवश्थामा कुल १८ xpiry dateE l प्रतिशत म्याद बाकि भएको हुनुपर्नेछ ७५ को xpiry date औषधि तथा सामानको प्याकिङमा 'नेपाल सरकारबाट नि:शुल्क वितरणको लागि' भन्ने लेवल अनिवार्य रूपमा लेख्नु पर्ने म्याद कम भएको औषधि तथा सामान प्राप्त हुन आएमा फिर्ता गर्न बाधा पर्ने छैन। बोलपत्र दाताले बोलपत्र साथ सप्लाई गरिने औषधिको स्याम्पल (नमूना) अनिवार्य पेश गर्नु पर्नेछ।
११. सप्लाई गर्ने औषधि Bottle भएमा प्लाष्टिक बोतलमा र Tablets & Cap भए Strips मा सप्लाई गर्नु पर्नेछ ।
१२. कार्यालयको हाता सम्म औषधि तथा सर्जिकल सामानहरु ढुवानी बापत लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्र दाताले न व्यहोर्नु पर्नेछ ।
१३. सप्लाई हुने औषधि मा प्रत्येक Strip/L abeling/P को बाहिर उत्पादन मिति ackagingE xpiryDate,Batch NO. l उत्पादक कम्पनीको नाम उल्लेख भएको हुनुपर्नेछ,
१४. कार्यालयको अधिकार प्राप्त अधिकारीको सहि छाप नभएको र कुनै सर्त राखी पेश भएको दरभाउ पत्र मान्य हुने छैन .
१५. यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुरा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) अनुसार हुनेछ।
१६. बोलपत्र सम्बन्धि आवश्यक कुराहरु बुझ्नु परेमा नगरपालिकाको कार्यालय मनरामा सम्पर्क गर्न सकिनेछ।

तपशिल :-

| क्र.स. | ठेक्का नं. | योजनाको नाम | कुल लागत अनुमान रकम रु (मु.अ.क. समेत ) | बिड डोकुमेंट खरिद रकम रु | बिड डोकुमेंट खरिद अन्तिम मिति र समय | बिड डोकुमेंट पेश गर्ने अन्तिम मिति र समय | बिड डोकुमेंट मुचुल्का गर्ने मिति र समय | Bid Validity Period | Bid Security Amount | Bid Security Validity |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Manara/ Mun/Health/SQ/1 /2079/80 | स्वास्थ्य चौकीहरुको लागि नि:सुल्क औषधि वितरण लागि औषधि खरिद | २०,०३,८५१/- | १,०००/- | मिति २०७९/१०/०९ गते कार्यालय समय भित्र | मिति २०७९/१०/१० गते १२:०० बजे भित्र | मिति २०७९/१०/१० गते १:०० बजे | ९५ दिन | ५०,५००/- | ७५ दिन |

प्रमुख प्रशासकीय अधिकृत

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुससा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com